प.लि.नं. १२७४-६७६८

नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त

# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
# CDS and Clearing Limited

CDS
and
Clearing Ltd.

पत्र संख्या : २०७१/७२ – ९०
चलानी नं. : 606

## प्रेस विज्ञप्ति

सिडिएस एण्ड क्लियरिङ्ग लि. (सिडिएससि) ले विभिन्न मितिमा सिडिएससिमा दर्ता भएका चौध वटा कम्पनीहरुको अनिवार्य रुपमा धितोपत्रको कारोबार र राफसाफ कार्य पूर्ण रुपमा अभौतिक रुपमा मात्र गर्दै आएकोमा मिति २०७२/०१/१३ गते देखि सिडिएससिले तपशिल बमोजिमका थप सात वटा कम्पनीको अभौतिक कारोबार शुरु गरी मिति २०७२/०१/२६ गते देखि धितोपत्रको कारोबार र राफसाफ कार्य विनियमावलीको अधिनमा रही पूर्ण रुपमा अभौतिक रुपमा शुरु गर्ने निर्णय गरेको व्यहोरा जानकारी गराईन्छ । सो का लागि साविककै देहाय बमोजिमका प्रकृयाहरु अवलम्बन गरिनेछ :

### तपशिलः

१. नेपाल ईन्भेष्टमेन्ट बैंक लि.
२. स्ट्यान्डर्ड चाटर्ड बैंक नेपाल लि.
३. सानिमा माई हाईड्रोपावर लि.
४. ज्योति विकास बैंक लि.
५. निर्धन उत्थान बैंक लि.
६. प्रूडेन्सियल ईन्स्योरेन्स क. लि.
७. एनआईडिसि डेभलपमेन्ट बैंक लि.

### प्रकृयाहरु

- छानिएका कम्पनीका शेयर भौतिक वा अभौतिक रुपमा बिक्री गरिनेछ र खरिदकर्तालाई अभौतिक रुपमा हस्तान्तरण गरिनेछ ।
- छानिएका कम्पनीका Blank Transfer (BT) मा रहेका शेयर तथा अनुसूची बिक्री गर्न चाहनेले मिति २०७२/०१/२५ गते भित्र बिक्री गर्नु पर्नेछ ।
- तोकिएको अवधि भित्र बिक्री नगरेमा सो लाई सम्बन्धित निकायमा पठाएर भौतिकीकरण गर्ने वा अभौतिकिकरण गर्नु पर्नेछ ।
- छानिएका कम्पनीहरुको कारोबार र राफसाफ मिति २०७२/०१/२६ गते देखि पूर्ण रुपमा अभौतिक रुपमा गर्नु पर्नेछ ।
- सिडिएससिमा दर्ता भएका अन्य कम्पनीहरुको हकमा धितोपत्रको अभौतिकीकरण तथा कारोबार र सो को राफसाफ सम्बन्धमा "**भौतिक रुपमा रहेका धितोपत्र कारोबारको खरिद गर्दा अभौतिकीकरण गर्ने कार्यविधि, २०७१**" मा भएको व्यवस्था यथावत् रहनेछ ।

**नोटः** यसै सन्दर्भमा सम्पूर्ण शेयरधनी महानुभावहरुले निक्षेप सदस्यकोमा गई अविलम्ब डिम्याट् खाता खोली अभौतिक धितोपत्रको कारोबार गरी सहयोग गर्नु हुन समेत अनुरोध गर्दछौं ।

मिति : २०७२/०१/०९